# अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ६ संख्या : ७ मिति : २०८२/१२/०२

**भाग-२**

## अन्नपूर्ण गाउँपालिका


अन्नपूर्ण गाउँपालिकाको कार्यसञ्चालन (दोस्रो संशोधन) निर्देशिका, २०८२

### अन्नपूर्ण गाउँपालिकाको कार्यसञ्चालन (दोस्रो संशोधन) निर्देशिका, २०८२

अन्नपूर्ण गाउँपालिकामा उपलब्ध मानव संशाधनलाई उत्प्रेरित गर्दै उत्पादकत्व वृद्धि हुने गरी कार्य सञ्चालनलाई प्रभावकारी बनाउन, उपलब्ध स्रोत साधनको परिचालन एवं प्रयोगमा पारदर्शिता, मितव्ययिता र प्रभावकारिता ल्याई आर्थिक सुशासन कायम गर्न, तथा उत्पादनमूलक तथा प्रतिफलयुक्त क्षेत्रमा लगानी अभिवृद्धि गर्न अन्नपूर्ण गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७९ मिति २०८२/११/२९ गतेको गाउँ कार्यपालिकाको बैठकले देहायको नियमहरु बनाइएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भः-**

(१) यो निर्देशिकाको नाम **"अन्नपूर्ण गाउँपालिकाको कार्यसञ्चालन (दोस्रो संशोधन) निर्देशिका, २०८२"** रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त लागु हुनेछ।

२. **मुल निर्देशिकाको दफा १८** "उपदफा ४ मा जुनसुकै कुरा लेखिएको भएता पनि आ.व २०७९/०८० को लागि भाडामा लिइएका घरहरु यथावत रहनेछन्। उपदफा ४ मा उल्लिखित बाहेकका अन्य घर/कोठाका लागि आ.व २०८०/०८१ बाट कार्यालयले दायित्व बहन गर्ने छैन ।" सट्टामा "उपदफा ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकामा कार्यरत कर्मचारीहरु, स्वास्थ्यकर्मीहरुको लागि उपलब्ध भएसम्म गाउँपालिकाले सरकारी आवास नै उपलब्ध गराउने, सोको व्यवस्थापन गर्न नसकिने अवस्थामा गाउँपालिकाको कार्यालयमा कार्यरत प्रत्येक कर्मचारीलाई मासिक रु २५००/- (अक्षरुपी दुइ हजार पाँच सय मात्र) र वडा तथा स्वास्थ्य चौकिमा कार्यरत कर्मचारीहरुलाई मासिक रु.१०००/- (अक्षरुपी एक हजार मात्र) आवास खर्च उपलब्ध गराउन सकिने छ ।तर यसै गाउँपालिकामा स्थायी घर ठेगाना भएको र आफ्नो घरबाट नै कार्यालयमा दैनिक आवातजावत गर्न सक्ने तथा कार्यालयको आवासमा बस्ने कर्मचारीहरुको लागि मासिक आवास खर्च उपलब्ध गराईनेछैन।

३. **मुल निर्देशिकाको दफा १५** मा रहेको "कुनै काममा अधिक खटिने कर्मचारीलाई प्रोत्साहन भत्ता दिने गरी गाउँसभाले व्यवस्था गरेमा प्रोत्साहन भत्ता उपलब्ध गराउन सकिने" लाई यथावत राख्दै गाउँपालिका भित्र कार्यरत वडा सचिवले निर्वाह गरिरहेको जिम्मेवारी, कार्यचाप तथा सेवा प्रवाहलाइ थप प्रभावकारी बनाउन वडा सचिवलाइ मासिक रु.३०००/- (अक्षरुपी तिन हजार मात्र) प्रोत्साहन भत्ता दिने।

राजपत्रमा प्रकाशित मिति : २०८२/१२/०२

आज्ञाले,
कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत